'यदि तिमीले व्यक्तिलाई मुल्याङ्कन गर्न थाल्यौ भने उसलाई प्रेम गर्न विर्सन्छौं ।' - मदर टेरेसा

हामी जे देख्छौं, त्यही लेख्छौं

# रेखदेख

www.rekhadekh.com प्रेस काउन्सिल नेपालद्धारा 'ख' मा बर्गिकृत साप्ताहिक

वर्ष ५ | अंक २० रुकुम | २०७६ बैशाख ९ सोमबार | 22 April 2019 Monday | मुल्य २० | पृष्ठ ६

रेखदेख
पत्रिकाको ग्राहक बन्नु परेमा
सूचना तथा विज्ञापन छपाई गर्नु परेमा
पत्रिका नियमित नआएमा
समाचार तथा विचार छपाई गर्नु परेमा
सर्म्पकको लागि :
९८५१२३६७१३,९८४७८७६७१३
Email-info@rekhadekh.com


गफ बर्ष -२०७५ २


गाउँभरीको आम्दानी मौरीपालन ४


एउटै गाउँ ६८० टनको सुनखानी ६

त्यो कालो दिन २०७२ बैशाख १२

# अझै छैनन् भुकम्प प्रतिरोध भवन

**प्रवीर ददेल/रेखदेख**
**रुकुम**

२०७२ बैशाख १२ एउटा कालो दिन । ७.८ रेक्टर स्केलको भुकम्पका कारण नेपालमा झण्डै ८ हजार बढीको मृत्यु भएको थियो। भने अर्बोको सम्पति तहसनहस भएको थियो । यो भुकम्पले रुकुममा समेत ११७ घर पुर्ण क्षती र ३२८ घर आंशिक रुपमा क्षती भएको थियो। त्यस्तै २२ वटा सरकारी भवन पूर्णरुपमा क्षती भएका थिए। भने आंशिक रुपमा २८ वटा सरकारी भवन र ६० विद्यालय भवन क्षती भएको थियो।

रुकुम भुकम्पीय हिसावले जोखिमपूर्ण जिल्ला मानिन्छ। कमजोर भौगलिक अवस्थाका कारण रुकुम भुकम्पीय जोखीमको जिल्ला मानिएको हो। तर यस जिल्ला भुकम्पको कारण हुने जोखिमलाई न्यूनीकरण गर्न कुनै उपाय अवलम्वन गरेको देखिदैन्।

पछिल्लो समयमा अव्यवस्थित रुपमा निर्माण भएका भौतिक पूर्वाधारले जिल्ला सदरमुकाम मुसिकोटबजार क्षेत्रलाई थप असुरक्षित बनाएको छ। यस क्षेत्रमा निर्माण हुने भवनहरुमा आचारसंहिता लागु हुन नसकेको जिल्ला




प्राविधीक कार्यालयका इन्जिनियर पहलबहादुर पुनले जनाए। उनले भने, 'कतिपय सरकारी कार्यालयहरु समेत भुकम्प प्रतिरोधी छैनन्।' बिशेषगरी भवन आचार संहिता सम्वन्धी ज्ञान नहुँनु, खर्च वढी लाग्ने र भुकम्प प्रतिरोधी भवन निर्माण गर्ने दक्ष (जनशक्ति) नहुँदा भुकम्प प्रतिरोध घर निर्माण नभएका हुन्। जिल्ला प्राविधीक कार्यालयका इन्जिनियर पुनले भने विशेषत् 'भवन आचारसंहिताको पुर्ण कार्यन्वयन हुन सकेको छैन्।' रुकुम जिल्लामा पछिल्लो समयमा निर्माण भएका केही सरकारी भवन बाहेक पुराना सरकारी कार्यालय, रुकुम पूर्व र पश्चिमका ४०४ विद्यालय, ४४ स्वास्थ्य संस्थाका साथै रुकुम पूर्वका ११ हजार २ सय ९ र रुकुम पश्चिमका ३० हजार ६ सय ४७ घरहरु भुकम्प प्रतिरोधी छैनन्।

करोडौ लगानी गरेर निमार्ण गर्ने व्यापारी भवन समेत प्रतिरोध नभएको जिल्ला प्राविधीक कार्यालय रुकुमले जनाएको छ। जिल्लालाई नै केन्द्रिबिन्द्र बनाएर ठुलो भुकम्प आए रुकुममा ठुलो क्षति हुन सक्ने जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष शुम्भुप्रसाद रेग्मीले बताए। रुकुम पश्चिमको सदरमुकाम मुसिकोटमा प्राबिधिक इस्टमेट समेत नबनाई धमाधम भवनहरु निर्माण भईरहेका छन्। मुसिकोट बजार क्षेत्रमा निर्माण हुने व्यवसायीक भवनहरु बढी जोखिम रहेका छन्।

सामान्यतया ९० वर्गमिटर भन्दा कममा घर बनाउनु प्राविधीक रुपमा राम्रो मानिदैन्। तर रुकुममा २० वर्गमिटरमा समेत घर बनेका छन्। यसलाई रोक्न सरकारी पक्षले कुनै पहल गरेको देखिदैन्।

### अबको पाटो

भुकम्प कुन समय र कुन क्षेत्रमा जादै छ भन्ने अनुमान गर्न सकिदैन्। यो जुनसुकै वेला र जनसुकै स्थानलाई केन्द्रविन्दु बनाएर जान सक्दछ। यस्तो अवस्थालाई मध्यनजर गदै अब निर्माण हुने पूर्वाधारहरु भुकम्प प्रतिरोधी बनाउनु पर्दछ। भने पुराना घरहरुलाई समेत प्रवलीकरण गरेर भुकम्प प्रतिरोधी बनाउन सकिन्छ। भुकम्पीय जोखीमलाई मध्यनजर गदै स्थानीय सरकारले भवन आचार संहिता कार्यान्वयनमा कडाई गर्नु पर्दछ। यसका लागि अनुगमन, मुल्याङ्कनको आवश्यक देखिन्छ। भने स्वयम स्थानीयबासी समेत पूर्वाधार निर्माण गर्दा भुकम्प प्रतिरोधी भवन निर्माण गर्न तत्पर हुनुपर्दछ। यसो गरियौं भने भुकम्पका हुने क्षती न्यूनीकरण गर्न सकिन्छ। त्यसैले भुकम्पीय सुरक्षाको बलियो आधार, भुँइचालो थेग्ने घर र भौतिक पूर्वाधार निर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ।

# तीन गाउँपालिकाबाट ५६ थान हतियार संकलन

**विक्रम परियार/रेखदेख**
**रुकुमकोट**

रुकुम पूर्वको तीन गाउँपालिकाबाट ५६ थान हतियार संकलन गरिएको छ। रुकुम जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वमा ६ महिनामा ५६ थान हतियार संकलन गरिएको हो। रुकुम पूर्वको पुथाउत्तरगंगगा गाउँपालिका बाट ४४ थान, सिस्ने गाउँपालिका बाट ११ थान र भुमे गाउँपालिका १ बाट थान गरी जम्मा ५६ थान हतियार संकलन भएको प्रमुख जिल्ला अधिकारी मित्रलाल शर्माले जानकारी दिएका छन्। उनका अनुसार-२०७५ मंसिर १३ गते देखी बैशाख ५ गते सम्मको अवधिमा ५६ थान हतियार संकलन गरिएको हो।

रुकुम पूर्वलाई अबैध हतियार मुक्त जिल्ला बनाउने अभियान अर्न्तगत ५६ थान भरुवा बन्दुक संकलन गरेको जिल्ला प्रशासन कार्यालय रुकुम पूर्वले जानकारी दिएको छ। यसअघि २०७५ मंसिर १२ गते रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिकाको १ र २ नम्बर वडाबाट

'चालू आर्थिक वर्षको साउनदेखी बैशाख ५ गते सम्म रुकुम पूर्वमा मात्र १ सय ११ थान अबैध हतियार संकलन गरिएको छ।'



५५ थान भरुवा बन्दुक संकलन गरिएको थियो। चालू आर्थिक वर्षको साउनदेखी बैशाख ५ गते सम्म रुकुम पूर्वमा मात्र १ सय ११ थान अबैध हतियार संकलन गरिएको प्रजिअ शर्माले बताए। उनले भने, 'हतियार संकलन गर्ने अभियानलाई तिव्रता साथ अगाडि वढाएको र छिट्टै अबैध हतियार मुक्त जिल्ला घोषणा गरिनेछ।' संकलन गरीएका अबैध घरेलु हतियार जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वमा सुरक्षित साथ राखिने जनाएको छ।

# पाठ्यपुस्तकसँगै शैक्षिक सामाग्री वितरण

**रेखदेख संवाददाता**
**चौरजहारी**

रुकुमको एक स्थानीय तहले पाठ्यपुस्तकसँगै शैक्षिक सामाग्री वितरण गरिरहेको छ।

रुकुम पश्चिमको चौरजहारी नगरपालिकाले सामुदायीक विद्यालयमा भर्ना हुने विद्यार्थीहरुलाई पाठ्यपुस्तक सँगै भर्षभरी आवश्यक पर्ने शैक्षिक सामाग्रीहरु (अभ्यास पूस्तिका, कलम र विद्यालय पोषाक) वितरण गरेको हो। विद्यालय बाहिर रहेका विद्यार्थीहरुलाई विद्यालयमा भिकाउने र टिकाउने उद्देश्यले पाठ्यपुस्तकसँगै शैक्षिक सामाग्री वितरण गरिएको चौरजहारी नगरपालिकाका शिक्षा अधिकृत धनन्जय आर्चायले जानकारी दिएका छन्। उनले भने, 'चौरजहारी नगरपालिकाका १४ वटै वडाका आधारभुत विद्यालयमा यो अभियान सुरु गरिएको हो। उनका अनुसार 'कक्षा १ देखी ५ कक्षा सम्मका विद्यार्थीहरुलाई शैक्षिक सामाग्री र पोषाक वितरण गरिनेछ।

तर ६ देखी १० कक्षा सम्मका विद्यार्थीहरुलाई पाठ्यपुस्तक वितरण गरिने जनाएको छ।' चौरजहारी नगरपालिकाका १४ वटै वडामा आधारभुक्त विद्यालय (१-५) कक्षा सञ्चालन भएका ४० वटा विद्यालयमा अध्ययरत झण्डै ४ हजार विद्यार्थी लाभाम्बित हुने चौरजहारी नगरपालिकाका उपप्रमुख राधा रोकाले जानकारी दिईन्।

पाठ्यपुस्तक बाहेक पोषक, अभ्यास पुस्तिका र कलम वितरणको लागि चौरजहारी नगरपालिकाले ७५ लाख रुपैयाँ विनियोजित गरेको जनाएको छ।

यसका साथै चौरजहारीका सामुदायी विद्यालयमा प्रविधीमैत्री बनाउन ४१ वटा विद्यालयलाई कम्प्युटर, ल्याप्टप र प्रोजेक्टर वितरण गर्ने चौरजहारी नगरपालिकाले जनाएको छ।

हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

हरिप्रसाद खनाल (प्राचार्य)
खेमराज खड्का (वि.व्य.स. अध्यक्ष)

श्री त्रिभुवन जनता माध्यामिक विद्यालय
मुसीकोट १ खंलगा, रुकुम (पश्चिम )



रुकुम पोलिक्लिनिक कम्पनी प्रा.लि.
मुसीकोट नगरपालिका १ बागबजार रुकुम पश्चिम

**अब सम्पूर्ण रोगको निदानको लागि एउटै गन्तव्य**

**हाम्रा सेवा तथा सुविधाहरू**

- २४ सै घण्टा एमविविएस डाक्टरबाट इर्मेजेन्सी सेवा ।
- भिडियो एक्सरे, सादा एक्सरे, तथा इ.सि .जि मेसिनबाट विरामीको चेकजाँच ।
- एनलाइजर मेसिनद्धारा रगत दिशा पिसाव वृय तथा खकार चेक जाँच गरि उपचार ।
- नाक कान घाँटी सम्वन्धी समस्याको उपचार ।
- आवश्यकता अनुसार होलवडी चेकजाँच तथा परामर्श सेवा ।
- जस्तो सुकै पोलिएको घाउँको सल्यक्रिया तथा माइनर अप्रेशन ।
- महिलाहरुको पाठेघर ,क्यान्सर , आङखस्ने समस्या बाजोपन पाठेघरमा मासुपलायको यौनीबाट सेतोपानी बग्ने तथा रगत बग्ने योनी चिलाउने, सुनिने तथा गर्भवती सम्वन्धि समस्याको उपचार तथा परामर्श सेवा ।
- दैनिक रुपमा ढाडकम्मर दुख्ने, हातखुट्टा, झमझमाउने पोल्ने दुख्ने तथा हाडजोर्नी सम्बन्धी समस्याको उपचार तथा परामर्स सेवा ।
- कलेजो पित्तथैलि, मुगौलाको पत्थरी सम्वन्धी समस्याको उपचार तथा परामर्श ।
- छाला सम्बन्धि कालो सेतो दाग धुपी र विभिन्न खाले खटिराहरुको चेकजाँच तथा उपचार ।
- कपाल झर्ने चायापोतो डन्डिफोर, शरिरको विभिन्न भागमा मासु पलाएको तथा जस्तो सुकै पोलिएको समस्याको उपचार तथा परामर्श सेवा ।
- क्षयरोगी, कुष्टरोग ,निमोनिया तथा दमको उपचार परामर्स सेवा ।
- मुटु दुख्ने सम्वन्धि बिरामीहरुको उपचार तथा परामर्श सेवा ।
- आवस्यकता अनुसार बिरामी भर्ना गरेर उपचार गरिने ।
- २४ सै घण्टा सम्पुर्ण रोगका बिरामीहरुको लागि स्वदेशी तथा विदेशी औषधिहरु पाइने ।

**नोट** : १ बर्ष मुनिका बालवालिका, ६० बर्ष माथिका वृद्धवृदाहरु तथा गर्भवति महिलाहरुलाई ओपीडि सेवामा निशुल्क चेकजाँच गरिन्छ ।

रुकुम पोलिक्लिनिक कम्पनी प्रा.लि
.मुसिकोट नगरपालिका रुकुम (पश्चिम) खानेपानि भएको ठुलो भवनमा
मोबाइल नं. ९८०९८०१९४७, ९८००५४६७६७

**नयाँ बर्ष २०७६ सालको पावन अवसरमा सम्पूर्ण देश तथा विदेशमा रहनु भएका नेपालीहरूमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।**

# ‘समस्यै समस्यामा रुकुम पूर्वका उद्योगी व्यापारी’



नेपालको कान्छो जिल्ला रुकुम पूर्व हिमाली जिल्ला पनि हो । यस जिल्ला तीन वटा गाउँपालिका सिस्ने, पुथाउत्तरगंगा र भुमे गाउँपालिका मिलेर बनेको छ । यस जिल्ला भौगलिक रुपमा विगट जिल्ला भएपनि निकै सम्भावना बोकेको जिल्ला हो । विशेषगरी यस क्षेत्रको जल, जमिन, जंगल र जडिवुटी रुकुम पूर्वको समृद्धिको आधार नै हो । यसका साथै रुकुम पूर्वको पर्यटन क्षेत्र अर्न्तगत पुथा हिमाल सिस्ने हिमाल, कमलताल, तकसेरावस्ती, लुकुम गाउँ, कोल गाउँ मैकोट लगायतका मगर बस्ती पर्यटकीय हिसावले आर्कर्षित छन् । यसका साथै रुकुम पूर्व पशुपालनका साथै फलफूल खेती स्याउ, ओखर, केरा यहाँका मुख्य फलफूल हुन् ।

रुकुम जिल्ला दुई भागमा विभाजन भएसँगै यहाँको व्यापार व्यवसाय पनि लगानी वढेको छ । विशेषगरी तीनबटै गाउँपालिकाका केन्द्रहरुमा होटेल व्यवसायका साथै व्यापार व्यवसाय वढेको छ । रुकुम पूर्वमा मात्र ६ सय २२ वटा उद्योग तथा व्यापार फर्ममा १ अर्ब ३२ करोड ६५ लाख रुपैयाँ लगानी गरिएको छ ।जसबाट १ हजार १ सय २६ जनाले रोजगारी पाएका छन् । यस क्षेत्रका ३ सय ८६ व्यापारी फर्म निष्कीय सूचीमा रहेका छन् ।

व्यापारीहरुको हक हितको लागि रुकुमकोट उद्योग वानिज्यउ संघले तीन वटै गाउँपालिकामा उद्योग वानिज्य संघको सेवा कार्यालय स्थापना गर्ने थालिएको छ । यसअघि रुकुम पूर्वको भुमे गाउँपालिकामा उद्योग वानिज्य संघको सेवा कार्यालय स्थापना गरिएपनि सिस्ने र पुथाउत्तर गंगा गाउँपालिकामा गठन गर्ने तयारी गरेका छौं । रुकुम पूर्व जिल्लामा व्यापारीहरुका धेरै समस्या छन् । यस क्षेत्रमा विशेषगरी लगानीको अभाव, भौगलिक विगटता, यातायातको असुविधा, सञ्चार र बैकहरुको समेत उस्तै समस्या रहेको छ ।

*रुकुमकोट उद्योग वानिज्य संघ का अध्यक्ष यज्ञप्रकाश मल्लसँग गरिएको कुराकानीमा आधारित ।*

**बहु उद्धेश्यीय सम्पर्क सेवा प्रा.लि.**
**व्यवसायीक जीवनको सहयोगी साथि**

- ■ स्थानीय तथा बहु राष्ट्रिय कम्पनीका उत्पादित बस्तुको खरिद विक्रीका साथै घर जग्गा कारोबार तथा बैकिङ कारोबार सम्पर्क सेवा ।
- ■ विभिन्न व्यवसायीक तथा सामाजिक क्षेत्रका विषयहरुमा गरिने भेला, प्रशिक्षण, अन्तरक्रिया विचार तथा कार्याशाला गोष्ठी, तालिमको सशुल्क व्यवस्थापन सेवा ।
- ■रोजगारदाता कम्पनी, संस्था कार्यालयहरु सँगको समन्वय तथा सहकार्यमा दक्ष जनशक्ति मजदुरहरु आयात निर्यात गर्ने सेवा ।
- ■ फोहरमैलाको व्यवस्थापन, वातावरण संरक्षण तथा पर्यटन प्रवर्द्धन सम्वन्धी कार्यक्रमहरुको व्यवस्थापन सेवा ।
- ■कम्प्युटर टाईपिङ, फोटोकपी, प्रिन्ट, लेमिलेसन, एमआरपी फारम भर्ने काम गरिन्छ ।
- ■पत्रिका वितरण तथा विज्ञापन संकलन गर्नुका साथै विद्युतीय छापा सञ्चार माध्यमको लागि पनि विज्ञापन संकलन गरिन्छ ।
- ■ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कुरिएर सेवा उपलव्ध छ ।

**प्रबन्धक निर्देशक** :- उपेन्द्रलाल कामी
**सर्म्पक नं.** ९८४४९१७४८५, ९८०९८२५७९२

हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण देश तथा विदेशमा रहनु भएका आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ । साथै स्वास्थ्य सम्वन्धि जुनसुकै समस्या भएमा विशेषज्ञ सेवाको लागि हामीलाई सम्झीनु होला ।

हिरामनी शाही
लेखा प्रशासन

गणेश गौतम
प्रबन्धक

**राप्ती समाज अस्पताल सल्ले**
**रूकुम (पश्चिम) कर्णाली प्रदेश नेपाल**

## रेखदेख साप्ताहिक राशिफल

९-१५बैशाख २०७६
22- 28 April 2019

**युवा जोतिष : ठाकुर देवकोटा**
**सम्पर्क नं.** ९८४७८४४०९५

**मेष** : नबिन ज्ञानको बिकास रहने समय देखिन्छ । व्यवसायिक यात्रामा ठिकै रहला । प्रेम तथा दाम्पत्य जीवन ठिकै रहने समय छ । मनोरञ्जनमय दिन रहेको छ । बिगतमा रोकिएका कामहरु बन्ने समय रहेको छ । आयआर्जन क्षेत्रमा सफलता रहनेछ । आफुलाई मन पर्ने क्षेत्रमा लगानी बढाउने योग छ ।

**वृष** : समस्याहरु समाधान गदै अगाडि बढने समय देखिन्छ । बिगतमा असहयोग गर्ने बाट सहयोगको आशा दिने छन । प्रतिस्पर्धामा सफलता आउला । आफनो कामको योजना आन्तरिक राख्नु होला । तपाईको मेहनत बाट कार्यक्षेत्रमा सफलता रहनेछ । नयाँ कार्यको शुरुवात हुनेछ । व्यापार व्यवसायमा लाभ रहने छ ।

**मिथुन** : अवसरहरु थुपै आउनेछन तर सोच बिचार गरेर अगाडि बढनु होला । समय परिस्थितिले केहि अप्ठरो पार्ने समय छ । समयको माग अनुसार अगाडि बढनु होला । शिक्षामा सफलता छ । कार्यमा हतार नगर्नु होला । अग्रज व्यक्तिहरु सग भेटघाट हुनेछ । आफनो भन्दा अरुको कार्यमा बढि समय दिनु पर्नेछ ।

**कर्कट** : केहि जटिलता आउने छ । मेहनत बाट आफु भन्दा अरुलाई बढि फाईदा रहने समय छ । महत्व पूर्ण कुराहरु गोप्य राख्नु होला । आफन्त बाट बिश्वास घात रहनेछ । बोल्दा बिचार गरेर बोल्नु होला । आफन्त तथा छरछिमेकिमा केहि असमझदारी बढने समय छ । अग्रजको सल्लाह अनुसार अगाडि बढनु

**सिंह** : तपाईको प्रयास बाट कार्यमा प्रतिफल मिल्नेछ । आफन्त तथा साथीहरुको राम्रो साथ मिल्नेछ । भोलिको लागि फाईदा हुने कार्यमा लाग्ने समय रहेको छ । नयाँ तथा रचानात्मक कार्यमा सफलता छ । भौतिक सामाग्री जोडने समय छ । रोकिएका कामहरु बन्ने योग । व्यापार व्यवसायमा सफलता रहनेछ ।

**कन्या** : कुनै पनि कार्यमा हात हाल्नु भन्दा पहिला सोच बिचार गरेर अगाडि बढनु होला । आजको दिन बादबिवादमा नफस्नु राम्रो होला । अरुको सल्लाह सुझावलाई मध्यनजर गरेर अगाडि बढनु होला । तपाईको बिगतमा रोकिएका कामहरु बन्ने समय रहेको छ । कम फाईदा धेरै मेहनत हुने कार्यमा लाग्नु पर्ने समय छ ।

**तुला** : आफनो कामको योजनामा आफन्तले अलमलमा पार्ने समय छ । तपाईको आन्तरिक रहस्य अरुले थाहा पाउने समय छ । काम गर्दा हतारमा नगर्नु होला । बिगतमा रोकिएका कार्यहरु केहि अगाडि बढने योग छ । अवसरहरु लाई समय परिस्थिति अनुसार प्रयोग गर्नुहोला । आफन्तले अलमलमा पार्ने समय छ ।

**वृश्चिक** : बेलामा सावधानी नहुदा केहि समस्या आउनेछन । आफन्त तथा साथीहरुमा केहि असमझदारी बढने समय छ । सहयोग आशा दिने बाट धोका छ । आजको दिन खर्च बृद्धि रहनेछ । आर्थिक अभावमय देन छ । केहि लगानी गर्ने समय रहेको छ । कामको शिलशिलामा नेकै दौडधुप रहने समय छ ।

**धनु** : आफन्तको साथ र सहयोग रहनेछ । बचत रकम लगानी हुनेछ । कृषि जग्गा ,जमिन बाट लाभ रहने समय छ । दैनिक कार्यमा ठिकै रहला । तपाईको सानो मेहनत बाट रामै उपलब्धि हासिल हुनेछ । कामको रामै प्रशंसा आउनेछ । आयआर्जनमा सफलता र हनेछ । ल्याउनु पर्ने रकम प्राप्त रहने समय छ ।

**मकर** :आफन्त तथा साथीहरुको राम्रो भेटघाट रहने समय छ । पुखौलि सम्पत्ति बाट फाईदा रहने छ । व्यापारमा सफलता रहनेछ । समाजिक कार्यमा समय दिनु पर्ने योग छ । आफनो क्षेत्रमा अरुलाई आर्कषित गर्ने समय छ । आफन्त सग भेटघाट रहने समय छ । तपाईको मेहनत बाट कार्यमा सफलता रहनेछ ।

**कुम्भ** : अरुको कार्यमा भन्दा आफनो कार्यमा लाग्नु राम्रो होला । अरुको भर मा पर्दा कार्यमा ढिलाई हुनेछ । बोलि बचन लाई सुधार गरेर अगाडि बढनु होला । व्यापार व्यवसायमा सफलता रहने समय देखिन्छ । केहि जिम्मेवारी लिनु पर्ने समय देखिन्छ । बिगतमा गरिएका गल्तिले केहि समस्या आउने छ ।

**मीन** : नयाँ कामको लागि सोचबिचार गरेर अगाडि बढनु होला । सोचे अनुसार सफलता छैन । आजको काम बाट भोलिको समयमा उपलब्धि रहने समय छ । दैनिक कार्यमा ठिकै रहला । नसोचेको काम बन्ने समय रहेको देखिन्छ । सहयोगिहरुले कार्यमा सफलता दिने समय छ । घरायसि कार्यमा समय दिनु पर्ने देखिन्छ ।

# गाउँभरीको आम्दानी मौरीपालन



सिस्ने गाउँपालिका वडा नं.-३ पोखराका ओमप्रकाश खड्कालाई पैसा कमाउन नत विदेश जानु पर्‍यो, नत शहर नै । उनले घरमै बसी बसी बार्षिक साढे ९ लाख रुपैयाँसम्म आम्दानी गर्ने गरेका छन् । उनले एकै (कात्तिक मह) सिजनमा २ सय ५० धार्नी मह बिक्री गरेर रु ५ लाख ५० हजार रुपैयाँ कमाएको बताए । रुकुमको बजारमा प्रतिधार्नी २ हजार रुपैयाँमा मह विक्री वितरण हुने गरेको छ ।
सिस्ने ३ पोखराकै कमलाल खड्का मौरीपालन व्यवसायमा १० वर्षदेखी आवद्ध छन् । उनले मह बेचरै बार्षिक ७ लाख रुपैयाँ सम्म कमाउने गरेका छन् । उनले एकै सिजनमा २ सय धार्नी मह बिक्री गरेर ४ लाख रुपैयाँ कमाएको बताए ।
त्यस्तै पोखरा गाउँकै डिलबहादुर खड्काले मह बेचर बार्षिक रु. ६ लाख रुपैयाँ कमाने गरेका छन् । यसै गाउँका भागीदल खड्का र लालबहादुर खड्का पनि व्यवसायी रुपमा मौरी पालन व्यवसायमा आवद्ध छन् । उनीहरुले मौरी पालन व्यवसायबाट बार्षिक २ लाख ५० हजार रुपैयाँ देखी साढे ४ लाख रुपैयाँ सम्म आम्दानी गरेको बताएका छन् ।
ओप्रकाशसँग १ सय ११ घार मौरी छन् । त्यस्तै कमलाल सँग ८० घार, भागिदल खड्कासँग ४० घार र डिलवबहादुर खड्कासँग ३५ घार मौरी रहेको बताएका छन् ।
पोखरा गाउँका धेरै किसानले मह बेचेरै राम्रो कमाइ गरिरहेका छन् । साबिकको पोखरा गाविसका १ र ४ वडा १ सय ३७ घरमा मौरीका घार रहेका छन् । यस गाउँमा सबैका घरमा मौरी रहेको र यसबाट राम्रो आम्दानी गरेको ओमप्रकाश खड्काले बताएका छन् । उनले भने, 'पोखराका सबै घरमा मौरी छन, पछिल्लो समय यस गाउँलाई मौरीपाल्ने गाउँले चिनीन थालेको छ ।'
यस सिजनमा मौरीले राम्रो मह बनाएको व्यवसायहरुले बताएका छन् । कात्तिके सिजनमा मात्रै गाउँबाट मात्रै झण्डै ४५ लाख रुपैयाँ बराबरको मह बिक्री भएको कमलाल खड्काले बताए ।
उनका अनुसार कात्तिके सिजनमा झण्डै ६ हजार ५ सय २५ किलोग्राम) २ हजार २ सय ५० धार्नि मह बिक्री गरेको अनुमान व्यवसायीहरुले गरेका छन् । रुकुमको बजारमा प्रति किलोग्राम रु. ८ सय रुपैयाँ मह खरिद विक्री भैईरहेको छ ।
एक घार मात्रै मौरी भएकाले पनि यस सिजनमा ५ देखि ८ धार्नी सम्म मह बिक्री गरेको भागिदल खड्काले बताए ।
किसानसँग अझै पनि बिक्रीका लागि मह बाँकी छ । असोज पहिलो सातादेखि पुसको अन्तिमसम्म निकालिएको कात्तिके सिजनको मह बढी खोजिन्छ । पोखरामा हरेक वर्ष व्यावसायिक मौरी पालन गर्नेहरु बढिरहेका छन् । मौरीका पुराना र व्यावसायिक किसान ओमप्रकाश खड्का हुन् । उनीले सुरु गरेको व्यवसाय अहिले गाउँभरी फैलीएको छ । मह बिक्री गरेर राम्रो आम्दानी गर्ने पनि ओमप्रकाश नै अग्रस्थानमा छन् । यहाँका किसानहरुले मुढे, खोपे र आधुनिक घारमा मौरी पालिरहेका छन् । यस क्षेत्रमा सेरना जातको मौरी पाल्ने गरिन्छ । यो मौरीले एउटा घारबाट एक सिजनमै ७ धार्नी मह उत्पादन गर्ने गर्दछ । घारबाट ५० प्रतिशत मात्र मह काढ्ने गरिन्छ । चरन अभावका बेला मौरीले त्यही मह आहाराको रुपमा प्रयोग गर्ने गरेको छ ।
मौरीका लागि उपयुक्त मानिएको पोखरा मौरी पकेट क्षेत्रसमेत हो । गत सिजनमा सिस्ने गाउँपालिकाले किसानलाई मौरीसमेत वितरण गरेको थियो । गाउँपालिकाले मौरी वितरण गरेपछि व्यावसायिक मौरी पाल्नेको संख्या बढेको उनीहरुको भनाई रहेको छ ।

**गाउँमै पुग्छन व्यापारी**

यहाँ उत्पादित महलाई बजारको समस्या छैन । उपभोक्ताले असार महिना देखिनै गाउँमै पुगेर महको लागि अग्रिम भुक्तानी गर्ने गरेको स्थानीय किसानले बताएका छन् । धेरै उत्पादन हुने ठाउँमा उपभोक्ता पनि धेरै आउने हुनाले मह बिक्रीको खासै समस्या नभएको किसानहरूले बताए ।

**विषादी मुक्त गाउँ**

पोखरा मौरी पकेट क्षेत्र हो । यस गाउँमा विषादी प्रयोग गर्न पाईदैन् जिल्ला कृषि विकास कार्यालयले २०६५ सालमा विषादी मुक्त गाउँनै घोषणा गरेको हो । फलफूल तथा तरकारीमा रोग किरा देखिएमा जैविक प्रविधी मार्फत घरेलु उपचार गर्ने गरिन्छ । त्यसैले पनि मह गुणस्तरिय रहेको जिल्ला कृषि ज्ञान केन्द्र रुकुमका प्रमुख अमरराज शर्मा घिमिरेले जानकारी दिएका छन् ।



**महका फाईदा**

मह केटा केटी देखी बृद्धासम्मको लागि उपुयुक्त मानिन्छ । यसबाट प्रयाप्त मात्रमा प्रोटिन, भिटानमीनयुक्त भएकाले यसको सेवन निकै लाभदायी हुने कृषि ज्ञान केन्द्रका प्रमुख अमरराज शर्मा घिमिरेले बताए । उनले भने, 'महको सेवबाट हाम्रो शरिरमा रोग प्रतिरोधात्मक क्षमतामा बृद्धि हुनुका साथै दिर्घरोगीहरु, ब्लड प्रेशर, सुगुर, छालाका रोगी, ग्यास्टिक तथा पाचन प्रणाली यसले ठुलो सहयोग गर्ने गर्दछ ।'

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**निखील खड्का (प्रवन्धक)**
**गणेश कोल्ड स्टोर मुसीकोट न.पा.१ जि.प्र.का. रोड, रुकुम (पश्चिम)**

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

वडा सचिव — इन्द्रा ओली
वडा अध्यक्ष — चन्द्रबहादुर खड्का
**त्रिवेणी गा.पा. ४ रुकुम (पश्चिम)**

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**पदमबहादुर हिताङ्गी**
**हिताङ्गी छाला जुत्ता पसल**
**मुसीकोट १ बागबजार रुकुम पश्चिम**

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण रुकुमेली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

सञ्जय घर्ति — वडा सचिव
मोहन ओली — वडा अध्यक्ष
**त्रिवेणी गाउँपालिका ३ रुकुम पश्चिम**

## हाादक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

वडा सचिव — सुदर्शन शाह
वडाध्यक्ष — हिमबहादुर पाण्डे
**मुसीकोट न.पा.७ रुकुम (पश्चिम)**

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**बमबहादुर विष्ट**
**देवकोटा हार्डवेयर एण्ड सप्लार्यस**
**मुसीकोट न.पा ४ सोलावाङ रुकुम (पश्चिम)**

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**नारायण ओली**
**ओली वस्त्रालय**
**मुसीकोट नगरपालिका ४ सोलावाङ रुकुम पश्चिम**

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**प्रताप ओली**
**प्रकाश वस्त्रालय**
**मुसीकोट न.पा. ४ सोलावाङ रुकुम पश्चिम**

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण रुकुमेली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**भेषराज महतरा**
**महतरा स्टार मुसीकोट ४ सोलावाङ रुकुम (पश्चिम)**

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण रुकुमेली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**वडाध्यक्ष**
**निर्मलकुमार पुन**
**मुसीकोट न.पा. ४ रुकुम (पश्चिम)**

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण रुकुमेली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**वडाध्यक्ष**
**नविन ओली**
**मुसीकोट न.पा. ९ रुकुम पश्चिम**

# खुट्टा गन्हाउने समस्याबाट बच्ने ७ उपाय

खुट्टा गन्हाउने समस्या विदेशतिर 'खेलाडीको समस्याको रुपमा मा लिइन्छ। तर, यो समस्या खेलाडीको मात्रै हैन । पानी तथा हिलोमा काम गर्ने व्यक्तिमा खुट्टा गन्हाउने समस्या बढी देखिए आम मानिसमा पनि यस्तो समस्या हुन्छ । गन्हाउने समस्या फङगसबाट हुन्छ । खुट्टा तातो भएर पसिना आउँदा फङगस उत्पन्न हुन्छ । जसका कारण गन्हाउन सुरु हुन्छ । यो समस्या भइसकेपछि ३-४ हप्तासम्म ध्यान दिनुपर्छ । यसका लक्षणहरू विशेष गरी खुट्टाको औंलाको कापमा र छालामा चिरा पर्ने, फोका निस्की पानी भरिएर फुट्ने र पोलिरहने पनि हुन्छ । यस्तो बेलामा केही उपाय अपनाएर समस्या केही कम गर्न सकिन्छ।

**खुट्टाको स्याहार**

गन्हाउने समस्या भएका बेलामा खुट्टामा जुत्ता र मोजा लगाउन बन्द गर्नुपर्छ । सकेसम्म खुल्ला राख्नुपर्छ। यो बेलामा छालामा परेका साना चिरा दुख्छन् र तिनीहरूमा संक्रमण हुन सक्छ । यस्तो बेलामा मन तातो पानीमा नुन हालेर खुट्टा ५-१० मिनेट भिजाउनु पर्छ । नुन पानीले फङगसलाई बढ्नबाट रोक्छ। यसले छालामा आउने पसिनालाई पनि केही कम गर्छ । साथै यसरी भिजाउँदा छाला केही नरम हुन्छ र फङगस हटाउने क्रीम छालाको भित्री तहसम्म सजिलो तरिकाले पुग्छ । नुन पानीमा भिजाउने क्रम ३-४ हप्तासम्म गरिरहनु पर्छ।

**खाने सोडाको प्रयोग**

यो समस्या देखापरेपछि खुट्टामा सोडा लगाउनु पनि समस्या कम गर्ने एउटा राम्रो उपाय हो। एक चम्चा खाने सोडामा अलिकति तातो पानी मिसाएर खुट्टाको औंलाको कापमा लगाई केहीबेर राखिदिने । एकछिनपछि खुट्टा सफासँग धुने र सुख्खा बनाउने । त्यसपछि अलिकति पाउडर लगाउँदा बेश हुन्छ।

**मरेको छाला हटाउने**


यो समस्या भएमा डल्लो र फोका उठ्ने केही मात्रामा कम भएपछि देखापर्ने साना र सेता छाला हटाउनुपर्छ । किनभने यसबाट फेरि संक्रमण हुन सक्छ। नुहाउने बेलामा खुट्टालाई राम्रोसँग भिजाएर एउटा ब्रसले वा खस्रो सूतीको कपडाले पुछेर खुट्टा सफासँग धुनुपर्छ । विशेषगरी खुट्टाको कापमा राम्रोसँग सफा गर्नुपर्छ र खुट्टा धोइसकेपछि सुख्खा हुने गरी पुछ्नु पर्छ।

**जुत्ता ओभानो पारेर लाउने**

यस्तो समस्या पर्ने व्यक्तिले कपडाको जुत्ता लगाउनु बेश हुन्छ । छालाको जुत्ता सकभर प्रयोग नगर्नुहोस् । विशेषगरी गर्मीयाममा त जुत्ताभन्दा चप्पल/स्लीपर जुत्ता लगाए नै वेश हुन्छ। जुत्तालाई सकेसम्म सुख्खा राख्नुपर्छ । जुत्ता सुकाउन जुत्तालाई भित्रपट्टि सफा कपडा वा कागजले हावा खेल्ने ठाउँमा खोलेर राख्नु बेश हुन्छ । तुना बाँध्ने जुत्ता छ भने तुना खोलेर सकेसम्म हावा खेल्ने ठाउँमा राखिदिनुपर्छ । सम्भव भएमा जुत्ता बेला बेलामा घाममा सुकाउनाले पनि राम्रो हुन्छ ।

**सूतीको मोजाको प्रयोग**

मोजा गन्हाउने र हिलो उछ्रने जस्ता समस्या हुने व्यक्तिले सकेसम्म सूतीकै मोजा प्रयोग गर्नुपर्छ । सूतीकै मोजा



पनि सकेसम्म हरेक दिन फेर्नुपर्छ । यस्तो समस्या हुनेले मोजा धुँदा सफा गरेर साबुन लगाएर घाममा सुकाउनु पर्छ, ताकि त्यसमा फङगसका कुनै चिन्ह नरहुन् ।
साथै पसिनाको गन्ध पनि जाओस् र खुट्टा नगन्हाओस्।

**खुट्टा सुख्खा राख्ने**

नुहाइ सकेपछि खुट्टा धोएर ओभानो पारी पुछ्नु पर्छ र १०-१५ मिनेट घाममा राख्नु पर्छ । मोजा, जुत्ता लगाउनै पर्ने भएमा खुट्टाका काप कापमा पाउडर दलेर मात्र मोजा लगाउनु बेश हुन्छ । यसले पसिना आउन कम गर्छ र फङगस पनि केही कम हुन्छ ।

**चप्पलको प्रयोग**

स्वीमिङ पुलको वरिपरि, व्यायाम गर्ने ठाउँमा र बाथरूममा चप्पलको प्रयोग गर्दा बेश हुन्छ किनभने यस्तो ठाउँबाट फङगस सर्ने बढी सम्भावना हुन्छ।
स्वास्थ्य खबर पत्रिकाबाट


## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण रुकुमेली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

अमरसिंह खड्का
प्रधानाध्यापक
श्री हिमालय जनता मा.वि. नुवाकोटडाँडा
रुकुम (पश्चिम)

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण रुकुमेली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

ग्लोबल आईएमी बैक मुसीकोट शाखा
रुकुम (पश्चिम)

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

लालबहादुर घर्ति
प्रमुख
जिल्ला शिक्षा विकास ईकाइ रुकुम (पश्चिम)

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण रुकुमेली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

राजेश कुमार खड्का
प्रधानाध्यापक
साधारण मा.वि. मुरुडाँडा रुकुम पश्चिम

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

विनोद ओली
हिमानी इन्टरप्राईजेज एण्ड सप्लायर्स
मु.न.पा. ४ रुकुम (पश्चिम)

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

वडा सचिव — खेमराज खड्का
वडाध्यक्ष — काशिराम खड्का
मुसीकोट न.पा.२ रुकुम (पश्चिम)

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण रुकुमेली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

वडा सचिव — देवबहादुर केसी
वडाध्यक्ष — कर्णबहादुर खड्का
त्रिवेणी गाउँपालिका ८ रुकुम (पश्चिम)

## जनहितमा जारी सन्देश

रुकुम जिल्ला २०७१ साल पौष ७ गते नेपालको १८ औं खुल्ला दिशामुक्त क्षेत्र घोषणा भई सकेको छ। भने सन् २०२० सम्ममा रुकुमको सम्पूर्ण गाउँपालिका र नगर पालिकाका साथै जिल्लालाई नै पूर्ण सरसफाई घोषणा गर्ने लक्ष्य रहेको हुँदा सम्पूर्ण रूकुम जिल्लाबासी दाजुभाई, दिदी वहिनीहरूमा तपशिलमा उल्लेखित पूर्ण सरसफाईका ६+१ सूचकहरु पुरा गरी साविकका गाविस तथा हालका वडा तथा गाउँपालिकाहरूलाई पूर्ण सरसफाईयुक्त घोषणा अभियानलाई सफल बनाउन सम्पूर्ण जिल्लाबासीहरूमा हार्दिक अनुरोध गर्दछौं ।

**तपशिल :**

१) योजना तर्जुमा तथा व्यवस्थापन
२) चर्पीको समुचित प्रयोग (घरायसी, संस्थागत र सार्वजनिक)
३) व्यक्तिगत सरसफाई (साबुन पानीले हात धुने (घरायसी, संस्थागत र सार्वजनिक)
४) सुरक्षित पानीमा पहुँच तथा प्रयोग
५) सुरक्षीत खानाको प्रयोग
६) घरायसी एवं संस्थागत सरसफाई
७) वातावरणीय सरसफाई

डिभिजन प्रमुख
खानेपानी तथा सरसफाई डिभिजन
कार्यालय रुकुम (पश्चिम)

## जनहितमा जारी सन्देश

जातीय भेदभाव कानूनी अपराध हो ।
कसैले पनि जातीय भेदभाव तथा छुवाछूत गर्न वा गराउन हुदैन , यदि गरेमा जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन २०६८ बमोजिम कसुर गर्ने व्यक्तिलाई तीन महिनादेखी तीन वर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

आठविसबकोट नगरपालिकाको कार्यालय
रुकुम (पश्चिम) कर्णाली प्रदेश नेपाल

## ब्यक्तिगत घटना घटेको ३५ दिन भित्रै दर्ता गरौं

जन्मदर्ता भएपछि बालबालिकाको परिचय कायम हुन्छ। स्कुल भर्ना गर्न, नागरिकताको प्रमाण पत्र प्राप्त गर्न लगायतका कामको लागि जन्मदर्ता उपयोगी हुन्छ। त्यसैले बच्चा जन्मेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा गई निशुल्क जन्मदर्ता गरौं। साथै विबाह, बसाईसराई, मृत्यु र सम्वन्ध बिच्छेदका घटनाहरु समेत ३५ दिन भित्र दर्ता गरी समयमा नै प्रमाण पत्र लिई ढुक्क बनौं ।

सानीभेरी गाउँपालिकाको कार्यालय रुकुम (पश्चिम)
कर्णाली प्रदेश नेपाल

"गुणस्तरीय तथा व्यवहारीक शिक्षामा निजी क्षेत्रको अपरीहार्यता सम्मृद्ध राष्ट्र निर्माणमा नीजी विद्यालयको प्रतिवद्धता"

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

**नव वर्ष २०७६ सालको सुखद उपलक्ष्यमा सम्पूर्ण अभिभावक, विद्यार्थी तथा शुभ चिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै विगतका वर्षहरुदेखी DLE परीक्षामा विशिष्ट तथा प्रथम श्रेणीमा सतप्रतिशत विद्यार्थी उत्तिर्ण गराउँदै आएको र २०७४ सालको कक्षा ८ को नगरस्तरीय परीक्षामा सत प्रतिशत विद्यार्थीले (A+) grade ल्याई मुसीकोट नगरकै उत्कृष्ट विद्यालय हुन सफल यस सिस्ने एकेडमी प्रा.लि. मुसिकोट ४ सोलाबाङ्ग रुकुम (पश्चिम) मा शैक्षिक सत्र २०७६ का लागी यहि मिति २०७५ साल चैत्र २५ गतेदेखी कक्षा नर्सरी देखी कक्षा ९ सम्म नयाा भर्ना गरीने भएको हुादा निम्न संचालित कक्षाहरुमा सिमित सिट रहेकोले आफ्नो वालवालिकाको उज्जवल भविष्यको लागी समयमा भर्ना गराई सिट सुरक्षीत राख्न हुन हार्दिक अनुरोध गर्दछौ ।**

**हाम्रा विशेषताहरु:-**

• विषयगत तथा पेशागत रुपमा दक्ष, अनुभवी र योग्य शिक्षकहरुको व्यवस्था भएको ।
•बोर्डस तथा डे वोर्डसको सुविधा भएको ।
• भु-कम्प प्रतिरोधात्मक आफ्नै पक्की भवन र उपयुक्त खेलमैदानको व्यवस्था भएको ।
• एकान्त तथा मनोरम वातावरणमा खेल विधि तथा मनोवैज्ञानिक तरीका अपनाई शिक्षण गरीने ।
• विद्यालय कम्पाउण्डभित्र शुद्ध पिउने पानीका साथै बालमैत्री धाराहरुको व्यवस्था भएको ।
• विद्यालय कम्पाउण्ड भित्र आफ्नै क्यान्टिनको व्यवस्था भएको ।
• विषयगत विज्ञहरुबाट निरन्तर अनुगमन तथा सुपरीवेक्षण तथा मुल्यांकन गरीने ।
• गरीव, दलित, अपाङ्ग, टुहुरा, जेहेन्दार तथा लगनशिल विद्यार्थीहरुलाई विशेष छुटको व्यवस्था ।
• एउटै परिवारका ३ जना वच्चा भर्ना भएमा विचको एउटा वच्चालाई मासिक फि छुटको व्यवस्था ।
• खेलकुद, नृत्य, संगित लगायतका अतिरिक्त क्रियाकलापहरुको राम्रो व्यवस्था भएको ।
• प्रोजेक्टको माध्यमद्वारा पठन पाठन गराईने ।
• प्रत्येक कक्षा कोठाहरुमा सि.सी क्यामेराको व्यवस्था भएको ।
• विद्यालयको आफ्नै निजी वसको व्यवस्था भएको ।
• प्रत्येक स्टेशनहरुमा कम्तिमा २० जना विद्यार्थी भएमा स्कुल वसको व्यवस्था गरीने ।
• प्रत्येक कक्षा र सेक्सनहरुमा २५ जना विद्यार्थीहरुको संख्या निर्धारण गरीएको ।
• हरेक साताको शुक्रवार इङ्गलिस स्पिकिङ्ग कलाश संचालन गरीने व्यवस्था गरीएको ।
• प्रत्येक महिनामा प्रत्येक विद्यार्थीको स्वास्थ्य परिक्षण गरीने व्यवस्था भएको ।
• कक्षा १ देखी नै कम्प्युटर सम्वन्धि आधारभूत ज्ञान सिप दिईने ।
•कमजोर वालवालिकाको लागी सस्तो शुल्कमा वाह्रै महिनामा टिउसन तथा कोचिङ्ग व्यवस्था भएको ।
• आफ्नै विद्यालय भित्र पुस्तकालयको व्यवस्था भएको ।
• इन्टरनेट इन्टरनेटको सुविधा भएको ।
• प्ले ग्रुपका वालवालिकाहरुलाई खेलौनाको माध्यमबाट पठनपाठन सिकाईने ।
• प्रयाप्त मात्रामा कम्प्युटर तथा विज्ञान सामाग्रीहरुको व्यवस्था भएको ।
• मुसीकोट नगरपालीकाले आयोजना गरेको अन्तर विद्यालय स्तरीय कार्यक्रममा प्रथम स्थान हासिल गर्न सफल
• आवासको लागी आधुनिक, व्यवस्थित तथा सुरक्षित किसिमको छात्र तथा छात्राहरुको लागी छुट्टाछुट्टै भवनको व्यवस्था भएको ।
• २०७४ सालको नगर स्तरीय कक्षा ०८ को परीक्षामा सतप्रतिशत विद्यार्थीहरुले A+ ग्रेड ल्याएर उत्कृष्ट विद्यालय हुन सफल भएको ।

**हार्दिक बधाई**

शैक्षिक सत्र २०७५को कक्षा ८ को नगर स्तरिय परिक्षामा सर्वोत्कृट नतिजा प्राप्त गर्ने विद्यार्थीहरुलाई हार्दिक बधाई दिन चाहान्छौं ।
प्रतिज्ञा खड्का ३.९० GPA (A+) नगर प्रथम
प्रकाश ओली ३.८५ GPA (A+) नगर द्वितिय
निरुता बोहरा ३.८० GPA (A+) नगर तृतिय
सुदिप ओली ३.८० GPA (A+)
अभिसेक ओली ३.८० GPA (A+)
समिक्षा ओली ३.६५ GPA (A+)
विकासकुमार ओली ३.६० GPA (A)
प्रियङ्का ओली ३.५५ GPA (A)

प्रिन्सिपल
विमलकुमार शर्मा
सिस्ने एकेडमी प्रा.लि.
मुसिकोट नगरपालिका ४ सोलाबाङ्ग रुकुम (पश्चिम)
सम्पर्क नं. ९८४७९२२५२०, ०८८(४२०००१

# गाउँमा ६८० टन सुनको खानी

**सुन उत्खनन गर्दा वातावरण बिग्रिने र गाउँलेहरूको जीवन नै समाप्त हुने भन्दै सुन उत्खननमा रोक लगाइएको हो । त्यहाँको सुन उत्खनन गर्ने नगर्ने विषयमा निर्णय गर्न जनमत संग्रह पनि गरिएको थियो ।**

कहीँ कतै खनजोत गर्दा गाडधन फेला परेको त बेला बेलामा सुनिन्थ्यो। तर यहाँ त खन्ने क्रममा एउटा गाउँमा सुनको भण्डार नै फेला परेको छ। गाउँमा ६ सय ८० टन सुन निकाल्न सकिने सुनखानी भएपनि गाउँलेले भने त्यो सुन उत्खनन गर्नमा रोक लगाएका छन् । यो घटना दक्षिण अमेरिकी मुलुक कोलम्बियाको हो । त्यहाँको काजामारका नामक गाउँको हो । त्यो गाउँ क्षेत्रको जमिन मुनि ६८० टन सुनको भण्डार छ । यदि त्यो सुन उत्खनन गर्न सकिएमा त्यो अर्बौं मूल्यको हुन्छ। त्यसबाट हुने आम्दानीले गाउँलेहरु अर्बपति हुन सक्दछन्। तर अचम्म! गाउँलेहरुले जमिन मुनिको त्यो सुन छुन पनि दिएनन् ।



सुन उत्खनन गर्दा वातावरण बिग्रिने र गाउँलेहरुको जीवन नै समाप्त हुने भन्दै सुन उत्खननमा रोक लगाइएको हो । त्यहाँको सुन उत्खनन गर्ने नगर्ने विषयमा निर्णय गर्न जनमत संग्रह पनि गरिएको थियो । त्यसक्रममा १९ हजार गाउँलेमध्ये केवल ७९ जनाले मात्र सुन उत्खनन गर्नुपर्ने पक्षमा भोट हालेका थिए । कोलम्बिया सरकारका अनुसार उक्त गाउँमा फेला परेको सुनको खानी दक्षिण अमेरिकामै अहिलेसम्म फेला परेकोमध्ये सबैभन्दा ठूलो सुनखानी हो । *एजेन्सी*

'सिकाइले नै व्यक्तिको जीवन निर्धारण गर्दछ'
'तपाईहरुको बच्चाहरुको भविष्य अहिले दिइने शिक्षामा भर पर्दछ'

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

**हजुर तपाईका नानी बाबुहरूलाई विगत वर्ष हरुदेखि गुणस्तरिय शिक्षा प्रदान गर्दै आएको रुकुम एभरेष्ट ईङ्गलिस एकेडेमीमा शैक्षिक सत्र २०७६ का लागि मन्टेश्वरी कक्षा देखि कक्षा ९ सम्म भर्ना खुलेको सहर्ष जानकारी गराउदछौ ।**

**हाम्रा विशेषताहरु:-**

• आफ्नै पक्की भवनमा सुविधायुक्त बोर्डस र डे बोर्डसको व्यवस्था भएको ।
• स्वच्छ, सफा, शान्त, अनुशासित र अध्ययन उपयुक्त वातावरणमा पठनपाठन हुने ।
• स्वदेश तथा विदेशका प्रशिढ विश्वविद्यालयबाट अनुभव प्राप्त शिक्षक-शिक्षिकाहरुबाट अध्यपन गराइने
• विद्यार्थीको मनोविज्ञानलाई बुझी विद्यार्थी केन्द्रित विधीबाट अध्यपन गराइने ।
• आधुनिक प्रविधीको प्रयोग गरी विद्यार्थीले बुझ्ने गरी सरल तरिकाले पढाइ हुने ।
• शैद्धान्तिक र प्रयोगात्मक विधीबाट कम्प्यूटर शिक्षाको पठनपाठन गरिने ।
• आफ्नै खेलमैदानमा सुरक्षित ढङ्गले फुटवल, भलिबल, ब्याडमिन्टनका साथै अन्य थुप्रै खेलहरु खेलाइने ।
• साहित्य, संगित, नृत्यका साथै अन्य धेरै अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिने ।
• तालिम प्राप्त शिक्षक शिक्षिकाहरुबाट मनोरञ्जनात्मक विधीबाट मन्टेश्वरी कक्षा संचालन भएको ।
• प्रत्येक कक्षामा ५ जना सम्मलाई पूर्ण छात्रवृत्रिको व्यवस्था ।
• दलित, गरिव, जेहेन्दार र जिल्लाका दुर्गम वस्तिका छात्र-छात्राहरुलाई छात्रवृत्तिमा ग्राहयता दिईनेछ ।

**नयाँ वर्षको अवसरमा वैशाख १ गते देखि ३ गते सम्म भर्नामा १००% छुट र ४ गते देखि १० गते सम्म ५०% छुटको व्यवस्था छ ।**

रुकुम एभरेष्ट इङ्गलिस एकेडेमी
मुसिकोट १, सहिद मैदान नजिक रुकुम (पश्चिम)
फोन नं. ०८८-५३०११९ मोबाइल नं. ९८४७९३६४८०

नयाँ वर्ष २०७६ सालको उपलक्ष्यमा सम्पूर्ण महानु भावहरुमा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

## जनहितमा जारी सन्देश

जातीय भेदभाव कानूनी अपराध हो ।
कसैले पनि जातीय भेदभाव तथा छुवाछूत गर्न वा गराउन हुदैन , यदि गरेमा जातीय भदेभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन २०६८ बमोजिम कसुर गर्ने व्यक्तिलाई तीन महिनादेखी तीन वर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

**त्रिवेणी गाउँपालिकाको कार्यालय रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश नेपाल**

सार्वजनिक सम्पतीमा प्रत्येक नागरिकको हक छ, त्यसको दुरुपयोग दण्डनीय अपराध हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा सञ्चार विभाग

**रेखदेख साप्ताहिकको लागि प्रकाशक/सम्पादक : प्रबिर ददेल कार्यालय : मुसिकोट नगरपालिका. १, मिडियाचोक रुकुम**
**फोन नं : ९८४७८७६७१३ इमेल : info@rekhadekh.com, rekhadekh@gmail.com**
**Web-www.rekhadekh.com मुद्रण : राप्ती अफसेट प्रेस रुकुम**